# Press Release

मिति २०७६।०२।०५ गते।

# ५ नं. प्रदेश प्रहरी कार्यालय तुलसीपुर दाङ

## व्यापक अभियानका साथ लागूऔषध नियन्त्रण कार्यक्रमको संचालन

५ नं. प्रदेश प्रहरी कार्यालयले आज मिति २०७६।०२।०५ गते देखि शुरु गरेको लागूऔषध ओसार पसार तथा दुर्व्यसन नियन्त्रणका लागि व्यापक अभियानका साथ यस प्रदेश अन्तर्गतका जिल्लाहरुमा लागूऔषध नियन्त्रण कार्य योजना बमोजिम  निम्न कार्यक्रमहरु संचालन गरिएको छ।

**कार्यक्रमको संक्षिप्त विवरण:**

१. बाँके- नेपालगंज उप-महानगरपालिका वडा नं.०८ स्थित श्री महेन्द्र मा.बि.बाँकेमा जिल्ला प्रहरी कार्यालय बाँके, व.प्र.का.ने.ग.,सामुदायिक (प्रहरी) सेवा केन्द्र नेपालगंज तथा बाँके जिल्लामा रहेका रिहाव सेन्टरको सयुक्त आयोजनामा उक्त विध्यालयका प्र.अ. राजेश कुमार यादवको अध्यक्षतामा  कक्षा ९ र १० मा अध्ययनरत अ. ६०/७० जना बिध्यार्थी तथा शिक्षकहरुलाई लागुऔषध व्यूरो प्रमुख प्र.नि.विर ब.थापा, सामुदायिक (प्रहरी) सेवा  केन्द्रमा कार्यरत प्र.स.नि. रुद्र ब.रावल, र नवकिरण रिहाव सेन्टरका उज्जल सुनार समेत बाट “लागूऔषध दुरुपयोग न्युनिकरण" सम्बन्धि संचेतनामुलक प्रशिक्षण कार्यक्रम संचालन।






२. रुकुम पुर्व- जिल्ला प्रहरी कार्यालयको प्राङ्गणमा आयोजित “ ५नं. प्रदेश स्तरीय लागू औषध नियन्त्रण कार्ययोजना-२०७५ बमोजिमको लागू औंषध नियन्त्रण सम्बन्धी तयार गरिएको विभिन्न कार्यक्रमहरुको **“उद्घाटन तथा जिल्ला स्तरीय लागू औषध नियन्त्रण समिति गठन”** कार्यक्रम निमित्त प्रमुख जिल्ला अधिकारी श्री श्रवण कुमार साह ज्यूको अध्यक्षता तथा सिस्ने गा.पा.का अध्यक्ष कुमारी बराल गौतमको प्रमुख आतिथ्यतामा जिल्ला स्थित सरकारी, गैह्र सरकारी तथा स्थानिय तहका पदाधिकारीहरुको उपस्थितिमा कार्यक्रमका अध्यक्ष र प्रमुख अतिथी ज्यूले उक्त कार्यक्रमको विधिवत रुपमा उद्घाटन गर्नु भएको,उपस्थित महानुभावहरुलाई जिल्ला प्रहरी प्रमुख प्र.ना.उ.योगेन्द्र कुमार खड्काले गाँजा,चरेस र अफिमजस्ता लागू औषधको उत्पादन, ओसार-पसार, बिक्री वितरण एंवम सेवन र यसको नियन्त्रण तथा न्यूनिकरणका विविध पक्षहरुमा जानकारी गराउनु भएको थियो।






३. दाङ- घोराही उप-महानगरपालिका वडा नं. १६ स्थित श्री जयशेर माद्यामिक विद्यालय रावत गाउँमा जि.प्र.का. दाङबाट प्र.ना.नि. विनोद डि.सी. सहितको प्रहरी टोली खटी गई विद्यालयमा अध्ययनरत १६० जना छात्र/छात्राहरुलाई लागु औषध सम्बन्धी प्रशिक्षण कार्यक्रम संचालन।





४. बर्दिया- जिल्ला प्रहरी कार्यालय र सामुदायिक सेवा केन्द्र बर्दियाको आयोजनामा जिल्ला प्रहरी कार्यालय बर्दियाको मुल गेटमा जिल्ला अदालत बर्दियाका मुख्य न्यायधिस किरण प्रसाद पोख्रेलको प्रमुख आतिथ्यमा स्थानिय तहका जनप्रतिनिधिहरु, सरकारी तथा गैह्र सरकारी संध संस्था, शिक्षक, बिधार्थिहरु, लगायत अन्दाजी ४\५ सय जनाको संख्यामा भेला जम्मा भई "लागु औषध ओसार पसार तथा दुर्व्यसन नियन्त्रण"को प्ले कार्ड सहित बृहत ऱ्याली सहित कार्यक्रम सम्पन्न।

५. पाल्पा- पुर्वखोला गाउँपालिका- ०४ देविनगर र रिब्दीकोट गाउँपालिका- ०४ बिश्वकर्मा मन्दिर स्थित काफलडाँडामा ईलाका प्रहरी कार्यालय, पुर्वखोला, पाल्पाबाट प्र.स.नि. प्रकाश पछाई सहितको टोलीले स्थानिय प्रतिनिधि, बिभिन्न संघ संस्था र स्थानिय वासिहरु गरी अं. ६५ जनालाई लागु औषध नियन्त्रण सम्बन्धि जनचेतनामुलक कार्यक्रम सम्पन्न।







६. प्यूठान- लागूऔषध नियन्त्रण कार्ययोजना २०७५ कार्यान्वयन गर्ने सम्बन्धमा लागूऔषध नियन्त्रण सम्बन्धि जनचेतना मूलक विवरण तयार गरी स्थानिय एफ.एम. बाट प्रशारण गर्ने व्यवस्था मिलाईएको छ।

**७.** गुल्मी- रेसुङ्गा नगरपालिका वडा नं. ५ बर्दबास, लामडाँडाँ र पोखेडाँडाँ गरी ३ वटा समुदायमा बस्ने अन्दाजी १४० जना स्थानिय मानिसहरुलाई लागूऔषध सम्बन्धि जनचेतना मूलक कार्यक्रम संचालन गरिएको छ।

**प्रवक्ता**
**(टिका बहादुर कार्की)**
**प्रहरी नायव उपरीक्षक**
**९८५७८२५२९९**

मिति :-२०७६।०२।०५ गते।